# भरतपुर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन
वागमती प्रदेश, नेपाल

प.सं : २०७८/०७९
च.नं : (शिक्षा) ३४१

मितिः २०७८।०५।२३

**विषयः विद्यालयमा भौतिक रुपमा कक्षा सञ्चालन सम्वन्धमा।**

श्री वडा कार्यालयहरु सबै
(वडा नं. १-२९), भरतपुर, चितवन।

कोभिड-१९ को नयाँ भेरियन्टका कारण लामो समयदेखि विद्यालयमा विद्यार्थीको उपस्थिति हुन नसकी बालबालिकाको नियमित सिकाइ प्रभावित हुन गएको सन्दर्भमा देहायका प्रक्रिया तथा मापदण्ड पालना गरी गराई विद्यालयमा भौतिक रूपमा पठनपाठन गर्न सक्ने गरी वडा शिक्षा समिति र विद्यालयलाई जिम्मेवारी प्रदान गर्ने गरी नगर शिक्षा समितिबाट निर्णय भएको हुँदा सोही अनुसार गर्न गराउन हुन निर्देशानुसार अनुरोध छ।

१ <u>विद्यालय पुन सञ्चालन सम्बन्धमा अवलम्बन गर्नपर्ने प्रक्रिया तथा मापदण्डः</u>

२ अभिभावक र सम्बन्धित वडा शिक्षा समितिले विद्यालय व्यवस्थापन समितिको सिफारिसका आधारमा विद्यालय अवस्थित रहेको स्थान र सेवाक्षेत्रमा कोभिड-१९ को सङ्क्रमणको अवस्था विश्लेषण गरी विद्यालयमा सिकाइ सहजीकरण गर्न सकिने वा नसकिने विषयमा निर्णय लिने।

३ वडा शिक्षा समितिबाट विद्यालयमा सिकाइ सहजीकरण गर्न सकिने निर्णय गर्दा सिफ्ट वा जोर विजोर रोल नम्बर वा आलोपालो मध्ये कुन प्रणाली अपनाउने भन्ने स्पष्ट रुपमा खुलाई सो अनुसार विद्यार्थीलाई बोलाउने।

४ सबै विद्यार्थीले मास्क अनिवार्य रूपमा लगाएको सुनिश्चित गर्ने। विद्यालयमा हात धुन पर्याप्त रूपमा साबुनपानी र स्यानिटाइजरको व्यवस्था गर्ने।

५ शौचालयको नियमित सरसफाइ गराउने।

६ विद्यार्थीलाई कक्षाकोठामा राख्दा एउटा बेन्चमा दुई जना मात्र राख्ने। एउटा कोठामा २५ जनाभन्दा बढी विद्यार्थी नराख्ने।

७ शिक्षक वा विद्यार्थी बोल्दा मास्क नखोली बोल्ने।

८ एउटा कक्षा/सिफ्ट/समूहको विद्यार्थी बाहिरिने र अर्को कक्षा/सिफ्ट/समूहको विद्यार्थी आउने समयका बीच कम्तीमा आधा घण्टाको अन्तराल नराख्ने।

९ अर्को निर्णय नभएसम्म विद्यार्थीलाई एक दिनमा तीन घण्टा भन्दा बढी समय विद्यालयमा सिकाइ सहजीकरणका लागि नराख्ने। संक्रमणको जोखिमलाई मध्यनजर गरी हाललाई विद्यालयमा खाजा खाने/खुवाउने र समूहमा खेल्ने खेलाउने कार्य नगर्ने नगराउने।

056-520167, 521467, 530062, 526951, 522252, 525771 Fax: 056-520014
E-mail: bmc@ntc.net.np / Website: bharatpurmun.gov.np
(मन्त्री परिषद्बाट महानगरपालिका घोषणा मिति फाल्गुन २७, २०७३)

# भरतपुर महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

भरतपुर, चितवन
बागमती प्रदेश, नेपाल

प.सं : २०७८/०७९

च.नं : (शिक्षा)

मितिः २०७८।०५।२३

१० २०७८ असोज १ गतेबाट कक्षा ९-१२ का कक्षा भौतिक रुपमा सञ्चालन गर्ने। त्यसपछि एक हप्ताको अवस्थाका आधारमा कक्षा ६-८ र बाल विकास कक्षादेखि कक्षा ५ सम्मका कक्षा क्रमशः भौतिक रुपमा सञ्चालन गर्ने गरी वडा शिक्षा समितिलाई व्यवस्थापन तथा अनुगमन र सहजीकरणको जिम्मेवारी प्रदान गर्ने। तर कक्षा १-३, कक्षा १-५ र कक्षा १-८ सञ्चालित तर विद्यार्थी न्यून भएका आधारभूत विद्यालयको हकमा अवस्था हेरी असोज १ गतेबाटै आलोपालो वा सिफ्टमा कक्षा सञ्चालन गर्न वडा शिक्षा समितिबाट अनुमति प्रदान गर्न सकिने।

११ ज्वरो आउने, जिउ दुख्ने जस्ता कोभिडका लक्षण देखिएका विद्यार्थी र शिक्षकको तत्काल एन्टिजेन परीक्षणका लागि नजिकको स्वास्थ्य संस्थामा सम्कपर्क गर्ने। साथै लक्षण देखिएका शिक्षक र विद्यार्थीलाई विद्यालय नआउने व्यवस्था मिलाउने।

१२ विद्यालयमा सिकाइ सहजीकरण गरिरहेका विद्यालयका विव्यसले विद्यालयको सेवाक्षेत्रमा कोभिड-१९ को सङ्क्रमणको अवस्थाको मूल्याङ्कन गरी जोखिम बढेको अवस्थामा वडा शिक्षा समितिलाई जानकारी गराउने र वडा शिक्षा समितिले शैक्षिक प्रशासन महाशाखासँगको समन्वयमा आवश्यक निर्णय लिई विद्यार्थीलाई विद्यालयमा बोलाउने कार्य रोक्ने। त्यस्तो अवस्थामा घरदैलो वा परियोजनाकार्य, गृहकार्य, अनलाइन कक्षाजस्ता वैकल्पिक माध्यममार्फत् सिकाइ सहजीकरणलाई निरन्तरता दिने।

१३ विद्यालय सञ्चालन वा विद्यार्थी सिकाइ सहजीकरणसम्बन्धमा नेपाल सरकार, प्रदेश सरकार, स्थानीय प्रशासन र यस महानगरको शैक्षिक प्रशासन महाशाखाको कुनै निर्णय वा निर्देशन भएमा सोहीअनुसार गर्ने।

१४ कोभिड-१९ को संक्रमण न्यूनीकरण सम्बन्धमा विद्यार्थी र अभिभावकलाई लक्षित गरी समय समयमा जनचेतना मूलक कार्यक्रमहरू गर्ने।

१५ सबै विद्यालयका प्रधानाध्यापक र कोभिड सम्पर्क शिक्षकहरूलाई जनस्वास्थ्य शाखाको समन्वयमा शैक्षिक प्रशासन महाशाखाले अभिमुखीकरण कार्यक्रम आयोजना गर्ने।

१६ उल्लिखित मापदण्ड र प्रक्रिया कार्यान्वयनका लागि आवश्यक सहजीकरण, समन्वय तथा अनुगमनको कार्य वडा स्तरमा वडा शिक्षा समितिले र महानगर स्तरमा शैक्षिक प्रशासन महाशाखा र जनस्वास्थ्य शाखाले गर्ने।

पुनश्चः वडा शिक्षा समिति गठन भइ नसकेको भए वडा शिक्षा समिति गठन सम्वन्धी कार्यविधि बमोजिम वडा शिक्षा समिति गठन गर्नु समेत अनुरोध छ।

महेन्द्रप्रसाद पौडयाल
नगर शिक्षा अधिकारी

बोधार्थः

श्री सामुदायिक तथा संस्थागत विद्यालयहरु सबै, भरतपुर महानगरपालिका, चितवन।

056-520167, 521467, 530062, 526951, 522252, 525771 Fax: 056-520014
E-mail: bmc@ntc.net.np / Website: bharatpurmun.gov.np
(मन्त्री परिपद्‌बाट महानगरपालिका घोषणा मिति फाल्गुन २७, २०७३)